# प्रदेश आयोजना बैंक (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

लुम्बिनी प्रदेश सरकार

प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०८२।१२।०४

**प्रस्तावनाः** प्रदेश सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको पहिचान, वर्गीकरण, मूल्याङ्कन तथा प्राथमिकीकरण एवम् छनौट प्रक्रियालाई तथ्यपरक, वस्तुपरक, पारदर्शी र प्रभावकारी बनाउन र स्रोतसाधनको उपयुक्त प्रयोग तथा बजेट विनियोजन गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा १७ अनुसार कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सोही ऐनको दफा ६१ बमोजिम लुम्बिनी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रदेश आयोजना बैंक(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोग" भन्नाले लुम्बिनी प्रदेश योजना आयोग सम्झनुपर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित उद्देश्य, लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा र लागत खुलाइएको पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग सम्बन्धित कार्य वा क्रियाकलापको समूह सम्झनुपर्छ ।

(ग) "आयोजना बैंक" भन्नाले आयोजनाको पहिचान, वर्गीकरण, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण र पुनः प्राथमिकीकरणको लागि प्रविष्टि गर्न प्रदेशमा स्थापना गरिएको प्रदेश आयोजना बैंकसँग सम्बन्धित विद्युतीय प्रणाली (अनलाइन सिस्टम) र सो प्रणालीमा सूचीकृत कार्यान्वयनयोग्य आयोजनाहरुको विवरण सम्झनुपर्छ ।

(घ) "निर्देशक समिति" भन्नाले दफा २३ बमोजिमको प्रदेश आयोजना बैंक निर्देशक समिति सम्झनुपर्छ।

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(च) "मन्त्रालय वा निकाय" भन्नाले लुम्बिनी प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई सम्झनुपर्छ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२
## प्रदेश आयोजना बैंकको स्थापना र सञ्चालन

३. **आयोजना बैंकको स्थापनाः** (१) प्रदेशमा एक आयोजना बैंक रहनेछ।

(२) राष्ट्रिय योजना आयोगको आयोजना बैंकसँग सम्बन्धित विद्युतीय प्रणाली (अनलाइन सिस्टम) लाई आयोगले उपदफा (१) बमोजिमको आयोजना बैंकको रूपमा प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रणालीलाई आवश्यकतानुसार आयोगले परिमार्जन, संशोधन वा परिष्कृत गर्न सक्नेछ ।

४. **आयोजना बैंकको व्यवस्थापन र अन्य प्रणालीसँग अन्तरआबद्धताः** (१) आयोगले प्रदेश मन्त्रालय वा निकायसँग आवश्यक समन्वय गरी प्रदेश आयोजना बैंकको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) आयोगले दफा ३ बमोजिमको प्रणालीलाई राष्ट्रिय योजना आयोगको आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली तथा स्थानीय तहको आयोजना बैंक प्रणालीसँग अन्तरआवद्धता तथा सूचना आदानप्रदान गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(३) आयोगले दफा ३ बमोजिमको प्रणालिलाई सम्बन्धित मन्त्रालय वा निकायसँगको समन्वयमा प्रदेश मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली र अन्य प्रणालीसँग अन्तरआबद्धता गर्न सक्नेछ।

(४) प्रदेश सरकारको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षेत्र हेर्ने विशिष्टीकृत निकायले दफा ३ बमोजिमको प्रणालीको परिष्करण, स्थानीयकरण, मर्मत सम्भार र प्राविधिक कार्यमा सहयोग गर्नु पर्नेछ।

## परिच्छेद-३
## आयोजनाको पहिचान, विकास र पूर्व तयारी

५. **आयोजना पहिचानः** (१) निर्वाचन क्षेत्र स्तरबाटै आयोजना पहिचान गर्ने उद्देश्यले सम्बन्धित निर्वाचन क्षेत्र एवम् स्थानीय तहका जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरू सँगको परामर्श र छलफलको आधारमा आफ्नो विषयक्षेत्रसँग सम्बन्धित विद्यमान समस्या, माग, आवश्यकता, अवसर तथा प्राविधिक सम्भाव्यतालाई दृष्टिगत गरी सम्बन्धित मन्त्रालय वा निकायले आयोजनाको प्रारम्भिक पहिचान गर्नु पर्नेछ ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

६. **पूर्व सम्भाव्यता र सम्भाव्यता अध्ययनः** (१) नागरिकको आवश्यकता र औचित्यका आधारमा मन्त्रालय वा निकायले आयोजनाको पूर्व सम्भाव्यता वा सम्भाव्यता अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा अनुसूची १ र २ बमोजिमको ढाँचामा पूर्व संभाव्यता र संभाव्यता अध्ययन गर्न सक्नेछन्।

७. **आयोजनाको विस्तृत अध्ययन गराउनुपर्नेः** आयोजनाको प्रविष्टी गर्नुपूर्व दफा १८ मा तोकिएको लागत सीमाभन्दा बढीका पूर्वाधारजन्य आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि विस्तृत आयोजना प्रतिवेदन भन्नाले आयोजनाको प्रकृति अनुसार विस्तृत इन्जिनियरिङ्ग डिजाइन वा विस्तृत आयोजना प्रतिवेदनलाई जनाउँछ।

८. **आयोजनाको आर्थिक, सामाजिक तथा वित्तीय विश्लेषणः** विस्तृत आयोजना प्रतिवेदनमा अन्य पक्षहरूको अतिरिक्त आयोजनाको लाभ लागत, लागत प्रभावकारिता, सामाजिक प्रभाव, विपद् प्रतिरोधी क्षमता तथा जलवायु संवेदनशीलता, भौगर्भिक उपयुक्तता, आर्थिक, सामाजिक तथा वित्तीय पक्षमा अपेक्षित परिणाम तथा उपलब्धि र प्रभाव लगायतका पक्षहरूको विश्लेषण गरिएको हुनु पर्नेछ ।

९. **आयोजनाको वातावरणीय अध्ययन गराउनुपर्नेः** आयोजनाको प्रविष्टि गर्नुपूर्व दफा १८ मा तोकिएको लागत सीमाभन्दा बढीका आयोजनाको हकमा प्रचलित कानुन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

१०. **जग्गा प्राप्तिः** आयोजना कार्यान्वयन गर्दा जग्गा प्राप्ति गर्नुपर्ने भएमा देहाय बमोजिमको विवरण सहितको कार्ययोजना तयार गर्नु पर्नेछ।

(क) प्राप्तिगर्नुपर्ने जग्गाको क्षेत्रफल ,

(ख) जग्गाको किसिमः सरकारी वा सार्वजनिक जग्गा, वन क्षेत्र (सरकारी, लिज, धार्मिक, संरक्षित वा सामुदायिक तथा अन्य प्रकृतिको जग्गा),

(ग) जग्गा प्राप्तिका लागि लाग्ने अनुमानित लागत,

(घ) प्रभावित घरधुरी,

११. **आयोजना कार्यान्वयन कार्ययोजनाः** आयोजना कार्यान्वयन सम्बन्धी खरिद गुरुयोजना/वार्षिक योजना, क्रियाकलाप र समयावधिसहितको कार्यान्वयन कार्ययोजना र नतिजा खाका तयार गर्नु पर्नेछ ।

१२. **आयोजनाको वित्तीय प्रबन्धः** (१) आयोजना कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश

सरकार, वैदेशिक स्रोत, ऋण वा अनुदान र निजी साझेदारी लगानीको विवरण लगायतका वित्तीय प्रबन्धको विवरण समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा आयोजना अवधिको लागि आवश्यक लगानीको प्रारम्भिक अनुमानित लागत र सोको स्रोत विवरण समेत खुलाउनु पर्नेछ ।

## परिच्छेद-४
## आयोजनाको प्राथमिकीकरण र आयोजना बैंकमा प्रविष्टि

१३. **आयोजना प्राथमिकीकरणः** (१) आयोजना बैंकमा सूचीकृत गर्ने आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय वा निकायले प्रत्येक आयोजनाको एक सय अङ्कभारका आधारमा प्राप्ताङ्क निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अङ्कभार निर्धारण गर्दा राष्ट्रिय योजना आयोगले यस विषयमा तोकेका आधारका साथै प्रदेशका विशिष्ट परिस्थितिहरूलाई समेत आधारको रूपमा लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कुल प्राप्ताङ्क सत्तरी भन्दा बढी भएमा प्रथम प्राथमिकता प्राप्त (Priority 1–P1) र सोभन्दा कम भएमा द्वितीय प्राथमिकता प्राप्त (Priority 2 – P2) गरी दुई वटा प्राथमिकताक्रममा आयोजनाको वर्गीकरण गरिनेछ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि चालु आर्थिक वर्ष २०८२।८३ मा प्राथमिकताक्रम वर्गीकरण नगरी आयोजना प्रविष्टि गरेमा बाधा पर्नेछैन।

१४. **प्रदेश आयोजना बैंकमा प्रविष्टिः** (१) मन्त्रालय वा निकायले देहाय बमोजिमका आयोजना प्रविष्टि गर्नु पर्नेछः-

(क) प्रदेशका प्राथमिकता प्राप्त आयोजना,

(ख) दीर्घकालीन रणनीतिक महत्त्व तथा प्रदेश गौरवका रूपमा प्रदेश सरकारले स्वीकृत गरेका आयोजना,

(ग) नेपाल सरकारसँग प्रस्ताव गरिने समपूरक र विशेष अनुदानका आयोजना,

(घ) प्रदेश सरकारसँगको लागत साझेदारीमा स्थानीय तहबाट प्रस्ताव भएका आयोजना,

(ङ) विकास साझेदार तथा सार्वजनिक-निजी-साझेदारीमा सञ्चालन हुने आयोजना,

(च) विषयगत गुरुयोजनाका लागि मन्त्रालय वा निकायबाट सिफारिस भएका वा समावेश भएका आयोजना,

(२) आयोजना बैकमा आयोजना प्रविष्टिः आयोजना बैकमा आयोजना प्रविष्टि, रुजू, निर्णय तथा प्रमाणित गर्ने कार्य देहाय बमोजिमका आधार र अनुसूची-३ बमोजिमको प्रक्रिया र चरणमा गर्नु पर्नेछ ।

(क) आयोगले उपलब्ध गराएको युजर नेम र पासवर्डको आधारमा आयोजना बैक प्रणालीमा सम्बन्धित मन्त्रालय वा निकायले योजना महाशाखा/शाखा वा मातहत कार्यालयलाई आयोजना प्रविष्टिको लागि युजर नेम र पासवर्डसहित जिम्मेवारी प्रदान गर्ने,

(ख) खण्ड (क) बमोजिम जिम्मेवारी प्राप्त कर्मचारीले दफा १८ मा उल्लिखित विवरण र कागजात सहित आयोजना सम्बन्धी विवरण प्रणालीमा प्रविष्टि गर्ने,

(ग) खण्ड (ख) बमोजिम प्रणालीमा प्रविष्टि भएको आयोजना निर्देशिका बमोजिम मापदण्ड पूरा भएको एकीन गरी सम्बन्धित मन्त्रालय र निकायका योजना महाशाखा/शाखा प्रमुखले रुजू गर्नुपर्नेछ। रुजू गर्दा कुनै प्रक्रिया वा कागजात नपुगेको पाइएमा रूजुकर्ता स्वयमले संशोधन गर्न वा प्रविष्टिकर्तामार्फत संशोधन गराउन सक्नेछ ।

(घ) खण्ड (ग) बमोजिम रुजू भैसके पश्चात् मन्त्रालयको हकमा मन्त्रीबाट र अन्य निकायको हकमा सम्बन्धित निकायको प्रमुखबाट निर्णय गराई सचिव वा प्रशासकीय प्रमुखले प्रणालीमा स्वीकृत गर्नुपर्नेछ ।स्वीकृत गर्दा कुनै प्रक्रिया वा कागजात नपुगेको पाइएमा स्वीकृतकर्ता स्वयमले संशोधन गर्न वा रुजूकर्तामार्फत संशोधन गराउन सक्नेछ।

**१५.प्रदेश आयोजना बैकमा प्रविष्टि हुने आयोजनाको लागतको सीमा र समयावधि:**

(१) आयोजना बैङ्कमा तीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएका आयोजना मात्र प्रविष्टि गर्नु पर्नेछ।

तर तीस लाख रुपैयाँभन्दा कम लागत भएका आवश्यक आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय/निकायबाट अनुसूची-४ बमोजिमको ढाँचामा सामान्य विवरण सहितको रोस्टर कायम गरी आयोजना बैंकमा प्रविष्टि गर्नुपर्ने छ।

(२) चालु आर्थिक बर्षको वैशाख १५ गतेभित्र आगामी आर्थिक वर्षहरूमा कार्यान्वयन हुने नयाँ आयोजना आयोजना बैङ्कमा प्रविष्टि गरिसक्नु पर्नेछ।

तर आर्थिक वर्ष २०८२/८३ मा २०८३ जेठ पन्ध्र गतेभित्र प्रविष्टि गरिसक्नु पर्नेछ।

**१६.बहुवर्षीय तथा क्रमागत आयोजनाको प्रविष्टिः** मन्त्रालय तथा निकायले यो निर्देशिका लागू हुनुभन्दा अगावै सञ्चालनमा रहेका बहुवर्षीय तथा क्रमागत आयोजना २०८३ जेठ

पन्ध्र गतेभित्र प्रणालीमा प्रविष्टि गरिसक्नु पर्नेछ।

**१७. नयाँ आयोजनाको पहिचान, अध्ययन र अनुसन्धानका लागि प्रविष्टिः** (१) मन्त्रालय वा निकायले पूर्व तयारी नभएका नयाँ आयोजनाको पहिचान, अध्ययन अनुसन्धान प्रयोजनका लागि आवश्यक पर्ने बजेट माग गर्न आयोजना बैङ्कमा प्रस्तावित आयोजनाको संक्षिप्त विवरण प्रविष्टि गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमका आयोजनालाई आयोजना बैङ्कमा छुट्टै खण्डमा समावेश गरी सूचीकृत गर्नु पर्नेछ ।

**१८. आयोजनाको प्रविष्टिसँगै समावेश गर्नुपर्ने कागजातः** (१) आयोजना प्रविष्टि गर्दा अनुसूची-५ वमोजिमको जाँच सूची (चेकलिष्ट) समेत प्रमाणित गरी देहायका कागजात र विवरण संलग्न गर्नु पर्नेछः-

(क) संक्षिप्त लागत अनुमान विवरण (Abstract of Cost) र अनुसूची-६ बमोजिमको आयोजना सम्बन्धी विवरणपत्र,

(ख) पचास करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका आयोजनाको हकमा विषयगत मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट स्वीकृत भएको विस्तृत आयोजना प्रतिवेदन,

(ग) पचास करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका पूर्वाधारजन्य आयोजनाको हकमा प्रचलित कानुन बमोजिम आवश्यक पर्ने भएमा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) गैरपूर्वाधारजन्य आयोजनाको हकमा स्वीकृत परियोजना प्रस्ताव (Project Proposal),

(ङ) आयोजनाको लागि जग्गा प्राप्ति वा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना,

(च) स्वीकृत खरिद गुरुयोजना/योजना,

(छ) कार्यान्वयन कार्ययोजना,

(ज) नतिजा खाका,

(झ) आयोजनाका सम्बन्धमा अन्य कुनै उल्लेखनीय विषय भएमा सो सम्बन्धी विषय।

**१९. आयोजना पुनरावलोकन तथा पुनः सक्रिय गर्नुपर्नेः** (१) आयोजना बैंकमा सूचीकृत भएको कुनै आयोजना तीन वर्षभित्र कार्यान्वयन हुन नसकेमा स्वीकृत आयोजना सम्बन्धित मन्त्रालय/निकायले पुनरावलोकन गरी कार्यान्वयन गर्नुपर्ने भएमा आयोजना बैंकमा पुनः सक्रिय गर्नुपर्नेछ ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

## परिच्छेद-५

## आयोजनाको लेखाजोखा, मूल्याङ्कन, प्राथमिकीकरण र स्वीकृति

२०. **आयोजनाको लेखाजोखा, मूल्याङ्कन र सिफारिसः** (१) प्रदेश आयोजना बैङ्कमा दफा १४ बमोजिम प्रविष्टि भएका आयोजनाको लेखाजोखा र मूल्याङ्कन गरी दफा १३ बमोजिम प्राथमिकता वर्गीकरण सहित सिफारिस गर्न आयोगमा देहाय बमोजिमको उप-समिति रहनेछः

(क) उपाध्यक्ष वा निजले तोकेको सम्बन्धित मन्त्रालय/ विषय क्षेत्र हेर्ने आयोगका सदस्य, -संयोजक

(ख) योजना महाशाखा /शाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) बजेट योजना तथा कार्यक्रम महाशाखा /शाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) योजना महाशाखा /शाखा प्रमुख, सम्बन्धित मन्त्रालय वा निकाय -सदस्य

(ङ) विकास व्यवस्थापन शाखा प्रमुख/अधिकृत, आयोग -सदस्य सचिव

(२) सम्बन्धित मन्त्रालय वा निकायबाट प्रणालीमा प्रविष्टि भएका आयोजना प्रस्तावको लेखाजोखा मन्त्रालय वा निकायबाट प्राप्त अनुसूची-५ अनुसारको जाँचसूची र निर्देशिकामा उल्लिखित आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उप-समितिले प्रणालीमा प्रस्ताव गरिएका आयोजनाको लेखाजोखा गर्दा कागजात अपुग भएमा विषयगत मन्त्रालय वा निकायसँग कागजात माग गर्न वा प्रणाली मार्फत पेश गर्न लगाउन सक्नेछ।

(४) उपसमितिले उपदफा (२) बमोजिम आयोजनाको लेखाजोखा र मूल्याङ्कन गरी आयोजनाको प्राथमिकता वर्गीकरण (P1 वा P2) सहितको विवरण आयोजना बैंकमा सूचीकृत गर्न स्वीकृतिका लागि आयोगसमक्ष सिफारिस गर्नु पर्नेछ।

तर आर्थिक वर्ष २०८२।८३ मा सिफारिस गर्दा प्राथमिकताक्रम वर्गीकरण नगरी पेश गरेमा वाधा पर्नेछैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रहेका बाहेक पचास करोड रुपैयाँभन्दा बढी लागत भएका नयाँ आयोजनाको हकमा दफा २२ बमोजिमको निर्देशक समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(६) उप-समितिले आवश्यकता अनुसार सम्बन्धित विषयगत मन्त्रालयका पदाधिकारी वा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

२१. **आयोजनाको प्राथमिकीकरण र स्वीकृतिः** (१) आयोगको बैठकको छलफलबाट आयोजना बैङ्कमा समावेश हुने दफा २० बमोजिम उपसमिति वा दफा २२ बमोजिम समितिबाट सिफारिस भएका आयोजनाको सम्बन्धमा सूची स्वीकृत गरी प्राथमिकताक्रम वर्गीकरण (P1 वा P2) का लागि प्रदेश सरकारसमक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना बैंकमा समावेश हुने आयोजनाको सूची आयोगबाट र प्राथमिकताक्रम वर्गीकरण प्रदेश सरकारबाट स्वीकृत भएपश्चात् आयोगको सचिवालयले विद्युतीय प्रणालीमा प्रविष्टि गरी सूचीकृत गर्नु पर्नेछ।

## परिच्छेद-६
## विविध

२२. **निर्देशक समितिः** (१) आयोजना बैङ्कमा आयोजना प्रविष्टि गर्ने सम्बन्धमा दफा २० को उपदफा (५) बमोजिम पेश भएका आयोजनाको आयोगमा सिफारिस र आयोजना बैङ्कका विषयमा आवश्यक मार्गदर्शन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

(क) उपाध्यक्ष, आयोग -संयोजक

(ख) सदस्यहरू (सबै), आयोग -सदस्य

(ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) प्रदेश सचिव, आयोजनासँग सम्बन्धित मन्त्रालय/निकाय -सदस्य

(च) प्रदेश सचिव, आयोग -सदस्य सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) निर्देशक समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(४) निर्देशक समितिले आवश्यकता अनुसार कार्यविवरणसहित विषयक्षेत्रगत उपसमिति गठन गर्न सक्नेछ।

(५) प्रणालीमा भएका आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्याङ्कन गर्दा निर्देशिका अनुरूप नभएका आयोजनालाई प्रणालीबाट हटाउन निर्देशक समितिले आयोग समक्ष सिफारिस गर्नसक्नेछ ।

**२३.निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आयोजना बैंकको दिगो व्यवस्थापन, प्रभावकारी सञ्चालन, गुणस्तर कायम तथा कार्यान्वयन सम्बन्धी नीतिगत निर्णय गर्ने ।

(ख) राष्ट्रिय आयोजना बैंक र स्थानीय तहका आयोजना बैंकहरूबीच नीतिगत सामञ्जस्यता तथा एकरूपता कायम गर्ने।

(ग) आयोजना बैंक सञ्चालनको नियमित सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्ने ।

(घ) आयोजना बैंक सञ्चालनमा आएका समस्याहरूको समाधान गर्ने।

(ङ) आवश्यकता अनुसार अन्तर-तह, अन्तर-मन्त्रालय/निकाय र स्थानीय तहबीच समन्वय र सहजीकरण गर्ने।

(च) आवधिक योजना, मध्यमकालीन खर्चसंरचना र वार्षिक नीति तथा कार्यक्रमसँग आयोजना बैंकको आवद्धता र एकरुपता कायम गर्न सहजीकरण गर्ने ।

**२४.विशेष परिस्थितिका आयोजनाः** (१) सम्बन्धित मन्त्रालय/निकायले देहाय बमोजिमका विशेष परिस्थितिका आयोजना यस निर्देशिकाले तोकेको प्रक्रिया पूरा नगरी कार्यान्वयन गर्न बाधा पर्नेछैन।

(क) विपद्को अवस्थामा गरिने खोज, उद्धार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनर्निर्माण सम्बन्धी आयोजनाहरू ।

(ख) महामारी नियन्त्रणका लागि तत्काल सम्बोधन गर्नुपर्ने आयोजनाहरू ।

(ग) संकटकालीन अवस्थाको सम्बोधन गर्नुपर्ने आयोजनाहरू ।

(घ) प्रदेश सरकारले विशेष परिस्थितिमा निर्णय गरी तोकेका अन्य आयोजनाहरू ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन गरिएका आयोजना समेत अभिलेखका लागि सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश आयोजना बैङ्कमा प्रविष्टि गरी सार्वजनिक गर्नु पर्नेछ।

**२५.कार्यान्वयनका लागि आयोजना छनौटः** (१) आयोजना बैंकमा समावेश भएका आयोजनामध्ये प्राथमिकताक्रमको पहिलो वर्गीकरण (P1) मा परेकालाई कार्यान्वयनका लागि छनोट गर्नुपर्नेछ।

(२) सामाजिक पूँजी निर्माण, भौगोलिक सन्तुलन कायम, समावेशिता र सीमान्तकृत समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरूको सन्तुलन मिलाउन आयोजना बैंकमा समावेश भएका दोस्रो प्राथमिकता (P2) का आयोजना आवश्यकता अनुसार छनौट गर्न सकिनेछ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

२६. **मन्त्रालयस्तरीय सम्पर्क विन्दुः** आयोजना बैङ्कको प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न मन्त्रालय वा निकायको सम्बन्धित योजना हेर्ने महाशाखा/शाखाले सम्पर्क विन्दुको रूपमा काम गर्नेछ।

२७. **प्रतिवेदनः** (१) सम्बन्धित मन्त्रालय/निकायबाट कार्यान्वयनमा गएका आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगति विवरण त्रैमासिक रूपमा आयोजना बैंकमा अद्यावधिक गर्नुपर्नेछ।

(२) आयोजना बैंक मार्फत भए गरेका कार्यको विवरणलाई आयोगको वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेछ।

२८. **बाधा अड्काउ फुकाऊः** (१) यस निर्देशिकामा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने भएमा वा कार्यान्वयनमा कुनै समस्या आइपरेमा आयोगको सिफारिशमा लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषदले बाधा अड्काउ फुकाउन सक्नेछ।

२९. **प्रचलित कानुन बमोजिम हुनेः** यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषय सोही बमोजिम हुनेछ ।

३०. **खारेजी र बचाउः** यो निर्देशिका प्रारम्भ हुनु अघि प्रदेशमा आयोजनाको पहिचान लेखाजोखा, प्राथमिकीकरण र छनौट सम्बन्धी भए गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

१. कार्यकारी सारांशः पूर्व सम्भाव्यता अध्ययनका मूख्य निष्कर्ष र सिफारिसहरू उल्लेख गर्ने।

२. आयोजनाको पृष्ठभूमिः

(क) आयोजनाको परिचयः आयोजनाको नाम, स्थान, कार्यक्षेत्र, मूख्य विशेषता (कम्पोनेण्ट), लक्षित समूह,

(ख) आयोजनाको उद्देश्य,

(ग) आयोजनासँग सम्बन्धित विषयक्षेत्रको वर्तमान अवस्थाको सामान्य विश्लेषण (द्वितीय श्रोतको आधारमा),

(घ) आयोजनाको मागको अवस्था, आवश्यकता र औचित्यका आधारहरूको लेखाजोखा,

(ङ) आयोजनाको सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतिको विश्लेषण,

(च) आयोजनासँग सम्बन्धित नीतिगत र कानुनी मापदण्डको अवस्था,

(छ) स्थानीय सरोकारका विषय तथा कार्यान्वयनका अन्य चुनौति

३. अध्ययन विधिः तथ्याङ्कको स्रोत, तथ्याङ्क विश्लेषणका विधि, अध्ययनमा प्रयोग भएका विधि, औजार तथा सुत्र उल्लेख गर्ने।

४. नीतिगत तादात्म्यताः मौजुदा कानून, राष्ट्रिय तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम, गुरुयोजना, कार्ययोजना, प्रादेशिक तथा स्थानीय मापदण्ड आदिसँग आयोजनाको तादात्म्य तथा सामञ्जस्यता उल्लेख गर्ने।

५. पूर्व सम्भाब्यता विश्लेषणः

(क) प्रारम्भिक प्राविधिक विश्लेषण

(ख) प्रारम्भिक आर्थिक वा वित्तीय विश्लेषण

(ग) बजार मागको सामान्य विश्लेषण

(घ) वातावरणीय तथा सामाजिक प्रभावको सामान्य विश्लेषण

(ङ) जलवायु उत्थानशील तथा विपद् जोखिम विश्लेषण

(च) लैङ्गिक तथा सामाजिक समावेशीकरणको प्रारम्भिक विश्लेषण

(छ) लागत अनुमान, लगानीको स्रोत तथा ढाँचा

(ज) आयोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ति वा सहमति

(झ) आयोजनाको दिगो विकास लक्ष्यमा योगदानको विश्लेषण

(ञ) आयोजना सञ्चालनको स्वीकृति तथा अनुमति पत्र आवश्यक पर्ने भए सो प्राप्त हुने आधार

६. कार्यान्वयन तथा सञ्चालनको ढाँचा: आयोजना कुन तहबाट, कुनकुन क्षेत्र/निकायको संलग्नतामा, कसरी कार्यान्वयन गरिन्छ? त्यसको संक्षिप्त विवरण उल्लेख गर्ने।

७. अध्ययनको सिफारिस तथा सुझाव

(क) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त छ वा छैन,

(ख) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त भए कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको प्रारम्भिक खाका,

(ग) आयोजना कार्यान्वयन गर्दा प्रादेशिक तथा स्थानीय सरोकारका विषय तथा कार्यान्वयनका अन्य चुनौति र तिनलाई संम्बोधन गर्ने उपायहरू।

| तयार गर्नेः | रुजु गर्नेः | प्रमाणित गर्नेः |
| --- | --- | --- |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः प्रदेश सचिव |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

## अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा

१. कार्यकारी सारांश

आयोजनाको सम्भाव्यताको अध्ययनबाट प्राप्त मुख्य प्राविधिक विश्लेषण, लागत र प्रतिफलको अवस्था, लगानीको स्रोत, कार्यान्वयनका विविध पक्षहरूको सारांश सहितको सिफारिस संलग्न हुनुपर्नेछ।

२. आयोजनाको सन्दर्भ विश्लेषण

हालको संस्थागत ढाँचा सहित आयोजनाको सान्दर्भिकताको समिक्षा गर्ने। आयोजना सम्बन्धित क्षेत्र/उप-क्षेत्र र राज्य वा निजी क्षेत्रको सम्बन्धित भूमिकाहरूमा सरकारको नीति र विविध आर्थिक विषयगत क्षेत्रको भुमिका बारेमा विश्लेषण गर्ने। प्रस्तावित आयोजनाको विगतमा भएका प्रयासहरूको बारेमा संक्षिप्त विवरण उल्लेख गर्ने। प्रारम्भिक वा अघिल्लो अध्ययनका निष्कर्ष, पूर्व-सम्भाव्यता अध्ययन सहित पुनःअवलोकन गर्ने।

३. आयोजना विकल्पहरूको जाँच

प्रस्तावित आयोजनाको तुलनात्मक उत्तमताको विश्लेषण गरी आयोजनामा सुधार गर्न सकिने पक्षहरूसहितको विवरण राख्ने। प्रस्तावित आयोजनाको प्राविधिक, आर्थिक र सेवा प्रवाहको तुलनामा निकटतम विकल्पको विश्लेषण समेतको वैकल्पिक आयोजनाहरूको बारेमा विश्लेषण प्रस्तुत गर्ने।

४. बजार मूल्याङ्कन र माग विश्लेषण

प्रस्तावित आयोजनाको विस्तृत मुल्याङ्कन र आयोजना वा आयोजनाको सेवाप्रवाहको मागको विश्लेषण सहितको विवरण उल्लेख गर्ने। सम्भावित नतिजा र खराब अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने। सम्भावित नतिजा र खराब अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने।

५. प्राविधिक अध्ययन र परियोजना लागत अनुमान

परियोजनाको इन्जिनियरिङ् र गैर-इन्जिनियरिङ पक्षहरूको प्राविधिक विवरण विस्तृतरुपमा उल्लेख गर्ने। यसले परियोजनाको प्राविधिक सम्भाव्यता र विकल्पहरू मूल्याङ्कन गर्न प्राविधिक र प्राविधिक अध्ययनहरूलाई संक्षेपमा प्रस्तुत गर्ने। विस्तृत अध्ययन सम्भाव्यता अध्ययनमा जोडिनुपर्छ। आयोजना संचालनको लागत अनुमान र क्षेत्रगत लागत इकाइ सहित विस्तृत विवरण प्रस्तुत गर्ने। प्राविधिक अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल

सरकारले तोकेको मापदण्ड बमोजिमको प्रतिवेदन तयार गर्नुपर्नेछ।

प्रमुख सचिव

### ६. आर्थिक विश्लेषण वा वित्तीय विश्लेषण

प्रस्तावित आयोजनाको आर्थिक वा वित्तीय विश्लेषणको विवरण प्रस्तुत गर्ने। जसमा लागत लाभको विश्लेषण, ठूला आयोजनाहरू (५० करोड भन्दा बढीका आयोजनाको हकमा) आर्थिक विश्लेषण गर्नुपर्ने छ।

### ७. जोखिम विश्लेषण र व्यवस्थापन

परियोजनाको जोखिमको मुख्य स्रोतहरूको पहिचान गर्ने, आर्थिक सम्भाव्यता र वित्तीय कार्यसम्पादन र तिनीहरूको सम्भावना र प्रभावको मूल्याङ्कन गर्ने। यदि जोखिमहरू अवस्थित छन् भने, न्यूनीकरणका र प्रतिक्रियाशील उपायहरू सहित प्रमुख जोखिमहरूको व्यवस्थापन गर्न योजना प्रस्तुत गर्ने।

### ८. वातावरणीय र सामाजिक प्रभावहरू

परियोजनाको वातावरणीय र सामाजिक, दुवै सकारात्मक र नकारात्मक प्रभावहरू बारेमा विश्लेषण गर्ने। वातावरणीय अध्ययन प्रतिवेदनको आवश्यकता हुने आयोजनाको हकमा विस्तृत अध्ययनको संक्षिप्त विवरण प्रस्तुत गर्ने। सम्भाव्यता अध्ययन प्रतिवेदनमा पूर्ण वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनहरू समावेश गर्ने।

### ९. कार्यान्वयन र परिचालन व्यवस्था

परियोजना कार्यान्वयन र/वा सञ्चालनका लागि जिम्मेवार संस्थाको क्षमता मूल्याङ्कन प्रस्तुत गर्ने। विस्तृत आयोजना, स्वीकृति, र निर्माणको मुख्य कामहरूको संकेत गर्दै परियोजना कार्यान्वयनको लागि रूपरेखा तयार गरी कार्यतालिका प्रस्तुत गर्ने। आयोजना संचालन, सम्पन्न र सेवाप्रवाहको अवस्थासम्मको स्वामित्व र मर्मत संभारको जिम्मेवारीका लागि संगठनात्मक व्यवस्था र जिम्मेवारी बाँडफाँडको प्रारम्भिक खाका तयार गर्ने।

### १०.परियोजना सम्भाव्यता निष्कर्ष

परियोजनाको प्राविधिक र आर्थिक सम्भाव्यता, यसको दिगोपन र सम्बद्ध जोखिमहरू सम्बन्धी निष्कर्षमा पुग्नको लागि अघिल्लो विश्लेषणका निष्कर्ष सहितको आधारमा आयोजना कार्यान्वयन गर्नका लागि आयोजना बैंकमा समावेश गर्न उपयुक्त भए वा नभएको निक्यौंल सहितको सिफारिस गर्नुपर्नेछ।

| तयार गर्नेः | रुजु गर्नेः | प्रमाणित गर्नेः |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः प्रदेश सचिव |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

अनुसूची-३

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

## आयोजना बैंकमा आयोजना प्रविष्टि गर्दा अपनाउनुपर्ने प्रक्रिया तथा चरण (Flow Chart)

(क) विषयगत मन्त्रालय वा निकायले https://lumbini.ppbmis.gov.np मा गई आयोगले उपलब्ध गराएको Admin को Username र Password को प्रयोग गरी log in गर्नु पर्नेछ। साथै मन्त्रालय वा निकायले आफ्नो तथा मातहतको कार्यालयका लागि Data Entry, Verifier र Approver को Username र Password प्रदान गर्नु पर्नेछ।

(ख) आयोजना प्रविष्ट गर्ने मातहत कार्यालयले आफ्नो तालुक मन्त्रालय वा निकायले उपलब्ध गराएको Username र Password को प्रयोग गरी log in गर्नु पर्नेछ।

(ग) आयोजना प्रविष्टि सम्बन्धी कार्य र जिम्मेवारीः

| चरण | कार्य | जिम्मेवार पदाधिकारी |
|---|---|---|
| १ | आयोजनासँग सम्बन्धी विवरण प्रविष्टि र आवश्यक कागजात अपलोड गर्ने (Data Entry) | आयोजना कार्यान्वयन गर्ने मन्त्रालय वा निकाय वा कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत/ कर्मचारी |
| २ | आयोजनासँग सम्बन्धी विवरण रुजू गर्ने (Data Verify) | आयोजना कार्यान्वयन गर्ने विषयगत मन्त्रालय वा निकायको योजना महाशाखा/शाखा प्रमुख |
| ३ | आयोजना विवरण प्रणालीमा राख्ने सम्बन्धी निर्णय गर्ने (Decision on projects) | विभागीय मन्त्री/ निकाय प्रमुख |
| ४ | प्रविष्टि भएका आयोजना प्रमाणित गर्ने (Data Approver) | आयोजना कार्यान्वयन गर्ने विषयगत मन्त्रालयको प्रदेश सचिव वा निकायको प्रमुख |

(घ) Verifier ले विवरण रुजू गर्दा वा Approver ले प्रमाणित गर्दा कुनै कागजात नपुगेको भएमा वा अन्य कुनै कैफियत देखिएमा Verifier ले Data Entry र Approver ले Verifier लाई Return गर्न सक्नेछ।

(ङ) उल्लिखित प्रक्रिया पूरा गरी आयोजना बैंकमा आयोजना प्रविष्टि गर्दा यस निर्देशिकाले तोकेको सबै मापदण्ड पूरा गरी प्रविष्टि गर्नु पर्नेछ।

(च) आयोजनासँग सम्बन्धित कागजात प्रविष्ट गर्दा सम्बन्धित मन्त्रालय वा निकायबाट स्वीकृत भएको कागजात मात्र प्रविष्टि गर्नु पर्नेछ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

## अनुसूची-४

(दफा १५ को उपदफा १ सँग सम्बन्धित)

**आयोजना रोस्टरका लागि नमूना ढाँचा**

| क्र.सं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने स्थान/ठेगाना | आयोजनाको मुख्य क्रियाकलाप | अनुमानित लाभान्वित जनसङ्ख्या | प्रारम्भिक लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेः
नामः
पदः
हस्ताक्षरः

रुजु गर्नेः
नामः
पदः
हस्ताक्षरः

प्रमाणित गर्नेः
नामः
पदः प्रदेश सचिव
हस्ताक्षरः

अनुसूची-५

(दफा १८ को उपदफा (१) संग सम्बन्धित)

आयोजनासँग सम्बन्धित कागजात र अन्य विवरण (चेकलिस्ट)

मन्त्रालय/निकायको नामः

आयोजनाको नाम :

आयोजना आइडीः

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | आयोजनाको अनुमानित लागत तीस लाख रुपैयाँभन्दा बढी | | | |
| २. | संक्षिप्त लागत अनुमान विवरण (Abstract of Cost) सहित आयोजना सम्बन्धी विवरणपत्र | | | |
| ३. | पचास करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएका पूर्वाधारजन्य आयोजनाको हकमा विस्तृत आयोजना प्रतिवेदन | | | |
| ४. | गैर पूर्वाधारजन्य आयोजनाको हकमा स्वीकृत परियोजना प्रस्ताव (Project Proposal) | | | |
| ५. | पचास करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएका आयोजनाको हकमा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (प्रचलित कानुन बमोजिम आवश्यक पर्ने भएमा) | | | |
| ६. | जग्गा प्राप्ति वा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना (Land Acquisition Plan) | | | |
| ७. | आयोजनाको स्वीकृत खरिद गुरुयोजना/योजना (Master Procurement Plan/ Procurement Plan) | | | |
| ८. | आयोजनाको कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) | | | |
| ९. | नतिजा खाका(Result Framework) | | | |
| १०. | अन्य (Others) | | | |

क्र.सं. ३ र ५ को विवरण पेस गर्दा स्वीकृत गर्ने निकाय, संस्था र मिति देहायको ढाँचामा खुलाउनु पर्नेछः

| क्र.सं. | प्रतिवेदनको नाम | स्वीकृत गर्ने निकाय | स्वीकृतकर्ताको नाम/पद | स्वीकृत मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| तयार गर्नेः | रुजु गर्नेः | प्रमाणित गर्नेः |
|---|---|---|
| नामः | नामः | नाम : |
| पदः | पदः | पदः प्रदेश सचिव |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

प्रमुख सचिव

# अनुसूची-६

(दफा १८ को उपदफा १ को खण्ड (क) सँग सम्बन्धित)

## आयोजना बैंकमा समावेश गर्ने आयोजना सम्बन्धी विवरणपत्र

१. आयोजनाको आधारभूत विवरणः
   - क. आयोजनको नामः
   - ख. आयोजनाको लक्ष्य/ उद्देश्यः
   - ग. आयोजनाको अपेक्षित प्रतिफलः
   - घ. आयोजनाको किसिमः
     - सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐
     - निर्माण प्रधान ☐ सुशासन ☐

२. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्याः

३. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोटका आधारहरूः
   - (क) कार्यान्वयन क्षेत्रः-
     - जिल्लाः.............. प्रादेशिक निर्वाचन क्षेत्रः..............
     - न.पा./गा.पा..........
   - (ख) छनोटका आधारहरूः-

४. आयोजनाको निर्माण/विकास अवधि (जम्मा आर्थिक वर्ष):

५. आयोजनाको संक्षिप्त लागत अनुमान (Abstract of Cost):

६. आयोजनाको लागत व्यहोर्ने स्रोतको विवरण (रु. हजारमा):

| स्रोतको विवरण | आन्तरिक स्रोत | वैदेशिक स्रोत |
|---|---|---|
| नेपाल सरकार | | |
| प्रदेश सरकार | | |
| स्थानीय सरकार | | |
| लाभग्राही | | |
| विकास साझेदारबाट अनुदान | | |
| विकास साझेदारबाट ऋण | | |
| विकास साझेदारबाट प्राविधिक सहायता | | |
| स्रोतगत जम्मा | | |
| कुल | | |

७. आयोजनाका प्रमुख क्रियाकलापहरू:

८. आयोजनाको नतिजा खाका:

९. स्वीकृत खरिद गुरुयोजना/योजना:

१०. आयोजना कार्यान्वयन कार्ययोजना:

११. जग्गा प्राप्ति वा अधिग्रहण गर्नुपर्ने भए सोको कार्ययोजना:

१२. आयोजना कार्यान्वयन गर्ने निकाय:

१३. आयोजना सम्पन्नपश्चात् दिगोपनाका लागि सञ्चालनसम्बन्धी व्यवस्था:

| तयार गर्ने: | रुजु गर्ने: | प्रमाणित गर्ने: |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: प्रदेश सचिव |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |